# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड १०    संख्या ६    स्थानीय राजपत्र    भाग २ मिति २०८३।०३।१६**


### घोराही उपमहानगरपालिकाको नगर प्रहरी सेवाको गठन तथा व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०८३

नगरसभाबाट स्वीकृत मितिः २०८३।०३।१० गते

नेपालको संविधानमा एकल अधिकारअन्तर्गत रहेको नगर प्रहरीलाई प्रभावकारी रूपमा परिचालन गरी घोराही उपमहानगरपालिकाको नीति, कानुन तथा निर्णय कार्यान्वयनमा अपेक्षित उपलब्धी हासिल गर्न तथा सहरी सुव्यवस्थापनका विविध क्षेत्रमा सुधार गर्न नगर प्रहरीमार्फत प्रवाह हुने सेवालाई सक्षम, सेवामूलक, जनउत्तरदायी र गुणस्तरीय बनाउने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) खण्ड (क) र दफा १०२ (१) बमोजिम घोराही उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**परिष्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "घोराही उपमहानगरपालिकाको नगर प्रहरी सेवा ऐन, २०८३' रहेको छ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले घोराही उपमहानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) **"तोकिएको वा तोकिए वमोजिम"** भन्नाले घोराही उपमहानगरपालिकाले समय समयमा निर्णय गरी वा कानुन बनाइ तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(घ) **"नगर प्रहरी सेवा"** भन्नाले घोराही उपमहानगरपालिकाको नगर प्रहरी सेवा सम्झनुपर्छ।

(ङ) **"सभा"** भन्नाले घोराही उपमहानगरपालिकाको नगर सभा सम्झनुपर्छ।

(च) **"परिवार"** भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, वज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) **"भत्ता"** भन्नाले घोराही उपमहानगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्ता सम्झनुपर्छ ।

(झ) **"उपमहानगरपालिका"** भन्नाले घोराही उपमहानगरपालिका सम्झनुपर्छ ।

(ञ) **"नगर प्रहरी"** भन्नाले नगरकार्यपालिकाको निर्णयको आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्त नगर प्रहरी सम्झनुपर्छ। सो शब्दले नगर प्रहरी सेवामा रहने सबै पदहरुलाई जनाउनेछ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठन :** (१) उपमहानगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ। नगर प्रहरी सेवामा देहायका पदहरु हुनेछन।

(क) नगर प्रहरी निरीक्षक, अधिकृतस्तर छैटौं तह

(ख) नगर प्रहरी नायव निरीक्षक, सहायकस्तर पाँचौं तह

(ग) नगर प्रहरी सहायक निरीक्षक, सहायकस्तर चौथो तह

(घ) नगर प्रहरी हवलदार, सहायकस्तर तेस्रो तह

(घ) नगर प्रहरी जवान,

(२) उपमहानगरपालिकाले नगर प्रहरीको प्रत्येक पदका लागि कार्य विवरण तोक्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गर्नेछ ।

(३) उपदफा (१) वमोजिमका पद र तहका लागि नगर प्रहरीले अनुसुची-१ मा उल्लेख भएबमोजिमको दर्ज्यानी चिह्न प्रयोग गर्नेछ।

(४) विभिन्न पदको लागि आवश्यक संख्या स्वीकृत दरबन्दी तेरिज बमोजिम हुनेछ।

**४. नगर प्रहरीको रेखदेख तथा नियन्त्रण :** नगर प्रहरीको परिचालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ र निजको आदेश र निर्देशन पालन गर्नु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ।

## परिच्छेद-३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरीको काम, कर्तव्य र अधिकार :** (१) कार्यपालिका, वडा समिति, सम्बद्ध महाशाखा/शाखा तथा उपमहानगरपालिकाका पदाधिकारी तथा अधिकारप्राप्त अधिकारीको निर्णय तथा निर्देशन कार्यान्वयन गर्नु नगर प्रहरीको प्रमुख कर्तव्य हुनेछ । नगर प्रहरीको काम, कर्तव्य र अधिकारको विस्तृत विवरण देहायबमोजिम रहनेछ :

(क) उपमहानगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा र संरक्षण गर्ने।

(ख) उपमहानगर क्षेत्रभित्र हुने सभा, समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने।

(ग) बजार तथा सवारी पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(घ) उपमहानगरपालिकाको सरसफाईसम्बन्धी अनुगमन, नियमन तथा कारबाही गर्ने ।

(ङ) उपमहानगरपालिकाबाट न्यायिक रोहमा भएका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने ।

(च) सार्वजनिक, ऐलानी, पर्ती, सहरीवन, बगैचा, नदी उकास, नदी किनार, नदी करिडोर, सार्वजनिक गल्ली, चोक, डबली, मठमन्दिर, पाटीपौवा, पोखरी, ढुंगेधारा, कुवा, सार्वजनिक भवन, बाटो, निकास, चौर, खेलमैदान, कुलो, नहर, अन्त्यष्टीस्थल, धार्मिकस्थल, पुरातात्विक महत्वका सम्पदा आदिको संरक्षण र सुरक्षण गर्ने।

(छ) विपद व्यवस्थापनसम्बन्धी खोजी, उद्दार, राहत तथा पुनर्स्थापनासम्बन्धी कार्य गर्ने ।

(ज) अनधिकृत बाह्य विज्ञापन तथा होर्डिङबोर्ड नियन्त्रण तथा कारबाही गर्ने ।

(झ) छाडा पशु चौपायाको नियन्त्रण तथा व्यवस्थापन गर्ने ।

(ञ) सम्बन्धित शाखाको समन्वयमा भवन निर्माण अनुमति इजाजत नलिई निर्माण भएका भवनजन्य संरचना र अनधिकृत निर्माण नियन्त्रण, सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ट) फोहरमैला व्यवस्थापनमा अनुगमन, नियमन, नियन्त्रण तथा कारबाहीसम्बन्धी कार्य गर्ने ।

(ठ) सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी राखिएका निर्माण सामग्री हटाउने ।

(ड) स्वास्थ्यका लागि हानिकार चिज, अखाद्य तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउन सहयोग गर्ने ।

(ढ) अधिकार प्राप्त अधिकारीको निर्णय र आदेश बमोजिम खतरा उत्पन्न हुने रुख काट्न लगाउने, घर पर्खाल भए भत्काउन लगाउने ।

(ण) वडा समितिसँगको समन्वयमा टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने ।

(त) उपमहानगरपालिकाको विभिन्न तहबाट भएका निर्णय, स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन सहयोग गर्ने ।

(थ) राजस्व शाखासँगको समन्वयमा करदातालाई कर तिर्न सहजीकरण गर्ने ।

(द) विना इजाजत पेसा व्यवसाय सञ्चालन गरेको पाइएमा त्यस्ता पेसा व्यवसायको दर्ता/नवीकरण गर्न सहजीकरण गर्ने ।

(ध) उपमहानगरपालिका क्षेत्रमा भित्तेलेखन, तुल, व्यानर तथा पोष्टर टाँस्न प्रतिवन्ध लगाउने निर्णय कार्यान्वयन गर्ने ।

(न) उपमहानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा अनुमति नलिई गरिने जादु, सर्कस, जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(प) पर्यावरणमा असर पर्ने सबै किसिमका प्रदुषण नियन्त्रण गर्ने ।

(फ) वातावरणलाई असर पर्ने खालका प्लाष्टिकजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्ने ।

(ब) सार्वजनिक स्थलमा धुम्रपान, मादक पदार्थ सेवन तथा सुर्तिजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्ने ।

(भ) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका होटल, रेष्टुरेण्ट, लउन्ज, रेष्ट्रो, बार र क्लवमा बालबालिकाको उपयोग तथा सहभागितालाई निषेध गर्ने तथा ती स्थानहरूमा सामाजिक विकृतिजन्य कार्य नियन्त्रण गर्न अन्य सुरक्षा निकायसँग समन्वय गरी कार्य गर्ने, गराउने ।

(म) सवारीसाधनबाट हुने वायु तथा ध्वनी प्रदुषण नियन्त्रणमा सहजीकरण गर्ने ।

(य) धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रूपमा वाधा पुग्ने गरी उद्योगधन्दा चलाउन रोक लगाउने कार्यमा सहयोग गर्ने ।

(र) दमकल सेवालाई २४ सैं घण्टा दुरुस्त राखी सञ्चालनको व्यवस्था मिलाउने ।

(ल) उपमहानगरपालिकाले तोकेको अन्य कार्य गर्ने, गराउने ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन गर्दा उपमहानगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडा अध्यक्ष र महाशाखा/शाखा प्रमुखसँग समेत आवश्यकता अनुसार समन्वय गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ ।

## परिच्छेद-४

## तह विभाजन र पदपूर्ति

**६. पद श्रृजना तथा दरवन्दी खारेज :** (१) नगर प्रहरी सेवाको लागि आवश्यक पर्ने विभिन्न तहका दरवन्दीहरूको श्रृजना र आवश्यक नपर्ने दरबन्दीको खारेजी नगरसभाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरवन्दीको श्रृजनाका लागि प्रस्ताव पेस गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौज्जुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसकेको अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरूपमा पार्ने प्रभाव समेत स्पष्ट खुलाई कार्यपालिका मार्फत नगरसभामा पेस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नगर प्रहरी सेवाअन्तर्गत रहेको कुनै दरवन्दी खारेज गर्नु परेमा वा थप गर्नुपर्नेमा खारेज गर्नु पर्नाको कारण स्पष्ट खुलाई कार्यपालिका मार्फत नगरसभामा पेस गर्नु पर्नेछ ।

**७. पदपूर्तिः** (१) नगर प्रहरी सेवामा रहेका विभिन्न पदमा खुला तथा समावेशी प्रतियोगितमक परीक्षाबाट पदपूर्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम पदपूर्ति गर्दा भूतपुर्व नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी सेवामा कार्यरत रही अवकाश प्राप्त उम्मेदवारको हकमा नगर प्रहरीको पदपूर्ति घोराही उपमहानगरपालिकाको करार कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७५ ले व्यवस्था गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम पदपूर्ति गर्दा रिक्त हुन आएको प्रत्येक पदको संख्यालाई आधार मानि ५१ प्रतिशत खुलातर्फ र बाँकी ४९ प्रतिशतलाई सत प्रतिशत मानि महिला ३३ प्रतिशत, आदिवासी जनजाति २७ प्रतिशत, मधेशी २२ प्रतिशत, दलित ९ प्रतिशत, अपांग ५ प्रतिशत, पि.क्षे. ४ प्रतिशतमा विभाजन गरी रिक्त पदपूर्ति गरिनेछ।

**८. उम्मेदवारको शैक्षिक योग्यताः** (१) नगर प्रहरी सेवा भित्र रहेका विभिन्न पदको लागि देहाय बमोजिम शैक्षिक योग्यता कायम गरिनेछ।

(क) नगर प्रहरी निरीक्षक छैटौं तहको पदको लागि स्नातक तह उत्तिर्ण।

(ख) नगर प्रहरी नायव निरीक्षक पाँचौ तहको लागि +२ वा सो सरह।

(ग) नगर प्रहरी सहायक निरीक्षक चौथो तहको लागि SEE वा सो सरह।

(घ) नगर प्रहरी हवलदार तेस्रो तहको लागि SEE वा सो सरह।

(ङ) नगर प्रहरी जवानको लागि ८ कक्षा पास।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि हाल बहाल नगरप्रहरीको शैक्षिक योग्यताको हकमा एक तह मुनिको शैक्षिक योग्यता मान्य हुनेछ र उमेर हद समेत लाग्ने छैन।

(३) भुतपूर्व प्रहरी सेना तथा सशस्त्र प्रहरी सेवाबाट अवकाश उम्मेदवारको हकमा उपदफा (१)मा उल्लेखित शैक्षिक योग्यतामा एक तह मुनिको योग्यता मान्य हुनेछ।

**९. उम्मेदवार हुने योग्यता** (१) देहायको योग्यता भएको व्यक्ति नगर प्रहरी पदमा सम्भाव्य उम्मेदवार हुनसक्नेछन।

(क) नेपाली नागरिक,

(ख) सहायक तह तथा जवानका लागि १८ वर्ष उमेर पुरा भएको,

(ग) अधिकृत तहको लागि २१ वर्ष उमेर पुरा भएको,

(घ) पुरुषको हकमा ३० वर्ष ननाघेको महिलाको हकमा ३५ वर्ष ननाघेको।

तर भुतपूर्व प्रहरी/सेना तथा सशस्त्र प्रहरी वलमा अनुभव प्राप्त उम्मेदवारको हकमा ४५ वर्ष ननाघेको,

(२) नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति उम्मेदवार हुन सक्नेछैन।

**१०. नियुक्ति गर्ने अधिकारी :** खुला तथा समावेशी प्रतियोगिताबाट छनौट भई आएका नगर प्रहरीको नियुक्ति कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ।

**११. परीक्षणकालमा राखिने :** (१) नयाँ नियुक्ती हुने नगर प्रहरी कर्मचारीलाई तीन महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नियुक्त नगर प्रहरीले सन्तोषजक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा

प्रमुख प्रशासकीय अधिकृतले र नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिकाले निर्णय गरी सेवाबाट हटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षणकाल समाप्त भएमा निजको सेवा एक आर्थिक वर्षका लागि सेवा कार्यपालिकाको निर्णय बमोजिम करार निरन्तरता हुनेछ र हरेक आर्थिक वर्षको शुरुमा एक आर्थिक वर्षका लागि करार सेवा थप गर्दै सेवालाई निरन्तरता दिइनेछ।

**१२. नियुक्ति सदर** : (१) परीक्षण कालमा रहेका नगर प्रहरीले तोकिएको आधारभूत तालिममा उत्तीर्ण भएपश्चात नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराए पश्चात प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर हुनेछ।

(२) उपदफा (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ।

**१३. ज्येष्ठताक्रम कायम गर्ने** : (१) नगर प्रहरी सेवाअन्तर्गतका विभिन्न पदहरूमा रहने नगर प्रहरीहरूको जेष्ठताक्रम कायम गर्दा पदपूर्ति सिफारिस समितिबाट भएको सिफारिसको योग्यता क्रमलाई आधार मानी ज्येष्ठता कायम गरिनेछ ।

(२) पदपूर्ति सिफारिस समितिबाट ज्येष्ठताक्रम कायम हुनु अघिसम्मका लागि उपमहानगरपालिकाले निर्धारण गरेको ज्येष्ठता क्रम कायम रहनेछ।

## परिच्छेद—५

## नगर प्रहरी कार्य सम्पादन अनुभव मूल्याङ्कन र परिचालन

**१४. कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कन** :(१) नगर प्रहरीको कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कन तोकिए बमोजिम हुनेछ।

**१५. नगर प्रहरीको परिचालनः** (१) नगर प्रहरीको परिचालन उपमहानगरपालिकाअन्तर्गत नगर प्रहरी सेवाको नामबाट हुनेछ।

(२) नगर प्रहरी सेवाको प्रमुखले नगर प्रहरीको परिचालन गर्नेछ।

(३) नगर प्रहरीले पालना गर्नुपर्ने आचरण, अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक नगर प्रहरीको समग्र परिचालन, प्रत्यक्ष रेखदेख र नियन्त्रण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

(४) नगर प्रहरी सेवा, सेवाको अधिकार क्षेत्र तथा प्रभावकारिता वृद्धिका लागि कार्यपालिकाले नगर प्रहरी नीति तथा परिचालन कार्ययोजना जारी गर्न सक्नेछ।

## परिच्छेद—६

## नगर प्रहरीको आचरण

**१६. दान उपहार लिन नहुने :** उपमहानगरपालिकाको काममा असर पर्न सक्ने गरी नगर प्रहरी र निजको परिवारको सदस्य समेतले उपमहानगरपालिकाको पूर्व स्वीकृति बिना स्वदेशी तथा विदेशी सङ्घसंस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, उपहार, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुँदैन।

**१७. चन्दा लिन नहुने :** कुनै नगर प्रहरीले उपमहानगरपालिकाको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिनु हुँदैन ।

**१८. व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृति बेगर देहायका काम गर्नु हुँदैन :

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

**१९. उपमहानगरपालिकाको काममा थाहा पाएका कुराहरू प्रकाशन गर्न नहुने :** नगर प्रहरीले उपमहानगरपालिकाद्वारा अथवा विशेष रूपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैरसरकारी सङ्घसंस्थाबाट प्राप्त गरेको वा आफैंले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरू अनधिकृत नगर प्रहरीलाई वा गैरसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनु हुँदैन।

**२०. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** नगर प्रहरीले उपमहानगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन ।

तर, यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यावसायिक विषयको भएमा यस्तो स्वीकृति लिइरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्नेछ ।

**२१. उपमहानगरपालिकाको आलोचना गर्न हुँदैन :** नगर प्रहरीले कुनै कुराको आलोचना गर्दा उपमहानगरपालिकाको नीति, कानुन वा निर्णयको विरूद्धमा हुने गरी अथवा उपमहानगरपालिका र नगरवासीको आपसी सुसम्बन्धमा खलल पुग्ने गरी भाषण वा संवाद गर्न र लेख रचना प्रकाशन गर्नु हुँदैन।

**२२. निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन। तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

**२३. राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरीले कुनै राजनीतिक संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनीतिक संस्था, भ्रातृ सङ्गठनको सदस्य हुन वा जुनसुकै किसिमको आन्दोलनलाई कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन।

**२४. सम्पत्तिको विवरण दिनुपर्ने :** हाल बहालमा रहेको नगर प्रहरीले हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र र नयाँ नियुक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले ६० दिनभित्र उपमहानगरपालिका समक्ष सम्पत्तिको विवरण पेश गर्नुपर्ने छ।

**२५. समय पालन र नियमितता :** नगर प्रहरीले ठीक समयमा तथा नियमित रूपमा आफ्नो पालोमा कार्यालयमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकास नलिई काममा अनुपस्थित हुन हुँदैन।

**२६. अनुशासन र आज्ञापालन :** (१) नगर प्रहरीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्नेछ।

(२) नगर प्रहरीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्नेछ।

(३) नगर प्रहरीले आफूभन्दा माथिका सबै अधिकृतहरूप्रति उचित आदर देखाउनु पर्नेछ।

(४) उपमहानगरपालिकाले नगर प्रहरीको लागि तोकेको पोशाक लगाउनु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ।

**२७. बाहिरी प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरीसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

**२८. बहुविवाह, बालविवाह, अनमेल विवाहमा प्रतिबन्ध :** नगर प्रहरीले मुलुकी देवानी संहिता तथा प्रचलित कानुन विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन।

**२९. सामाजिक सञ्जालको प्रयोग गर्न प्रतिबन्ध :** नगर प्रहरीले उपमहानगरपालिकाको काम कारबाही वा कुनै पदाधिकारी वा जुनसुकै तहको सरकारको नीति, कानुन वा निर्णयको आलोचना गर्ने वा भ्रम सिर्जना हुने किसिमको शब्द, वाक्य, चित्र वा कुनै इमेज पोष्ट गर्न हुँदैन।

तर, उपमहानगरपालिकाको नीति, कानुन वा कार्यक्रमको प्रचार प्रसार हुने गरी कुनै व्यहोरा सामाजिक सञ्जालमा प्रविष्ट गर्न भने यस दफाले प्रतिबन्ध लगाएको मानिने छैन।

**३०. जुवा तास खेल्न तथा खेलाउन नहुने** : नगर प्रहरीले कार्यालय समय, कार्यालय परिसर र कार्यालयको पहिरनमा रहेको वा नरहेको अवस्थामा समेत जुवा तास खेल्ने, खेलाउने वा खेल्न दुरुत्साहन गर्ने वा नगर प्रहरीको व्यावसायिक प्रतिष्ठामाथि आँच आउने किसिमका कुनै पनि कार्य गर्नु गराउनु हुँदैन।

**३१. अन्य आचरणसम्बन्धी व्यवस्था** : नगर प्रहरीले यस ऐनमा उल्लेख गरेको आचरणसम्बन्धी व्यवस्थाको अतिरिक्त स्थानीय निजामती सेवा ऐनमा रहेका आचरण सम्बन्धी व्यवस्था समेत परिपालना गर्नुपर्नेछ।

## परिच्छेद-७

## सजाय र पुनरावेदन

**३२. सजायः** (१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछ :-

(क) सचेत गराउने।

(ख) भविष्यमा घोराही उपमहानगरपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने।

(ग) भविष्यमा घोराही उपमहानगरपालिकाको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

तर नगर प्रहरीलाई सेवाबाट हटाउदा निजलाई आफ्नो बचाउमा स्पष्टीकरणको मौका दिइनेछ।

**३३. सेवाको अन्त्य गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त्य हुनेछ।

(क) राजिनामा दिएमा

(ख) मृत्यू भएमा

**३४. सजायसम्बन्धी अन्य व्यवस्थाः** यस ऐनमा नगर प्रहरीका लागि उल्लिखित सजायसम्बन्धी व्यवस्था यसैबमोजिम हुनेछ । यस ऐनमा उल्लेख नभएको सजाय, सजाय दिंदा अपनाउनु पर्ने कार्यविधि तथा प्रक्रियागत व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-८

## निमित्तसम्बन्धी व्यवस्था

**३५. निमित्त भई काम गर्ने व्यवस्था** : (१) कुनै कारणले नगर प्रहरी सेवाको प्रमुखको पद रिक्त भई दफा ७ बमोजिम पदपूर्ति भई नसकेको अवस्थामा ज्येष्ठताको आधारमा प्रमुख प्रशासकीय अधिकृतले मौजुदा नगर प्रहरी नायव निरीक्षकलाई निमित्त नगर प्रहरी सेवा प्रमुखको जिम्मेवारी तोक्नु पर्नेछ।

(२) नगर प्रहरी सेवाको भौगोलिक तथा विषयगत क्षेत्रको प्रमुखको पदमा निमित्त तोक्ने अधिकार नगर प्रहरी सेवा प्रमुखलाई हुनेछ ।

(३) उपदफा (१) र (२) वमोजिम निमित्त तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरीलाई निमित्त तोक्नु पर्नेछ। तर साधारणतया नगर प्रहरी निरीक्षक पदभन्दा मुनिको पदमा निमित्त तोकिने छैन ।

(४) उपदफा (१) वमोजिम निमित्त भई काम गर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो निमित्त पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

(५) देहायको अवस्थामा निमित्त तोक्न सकिने छैनः

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभर,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

## परिच्छेद-९
## तालिम

**३६. तालिमको व्यवस्था** : नगर प्रहरीलाई कुशल एवम् दक्ष बनाउन उपमहानगरपालिकाले तोकिए वमोजिमको तालिम सञ्चालन गर्नेछ ।

**३७. तालिमको अनिवार्यता** : (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरीलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । तालिममा सहभागी हुने नगर प्रहरीले लापरवाही देखाएमा वा व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको खण्डमा सो व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरूलाई पुनः एकपटक तालीमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा घटुवा गर्न वा सेवाबाट हटाउन सकिनेछ ।

**३८. तालिमको पाठ्यक्रम** : विभिन्न तालिमहरूको पाठ्यक्रम तयार गर्न नगर प्रहरी सेवा प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

## परिच्छेद-१०
## पोशाक

**३९. नगर प्रहरी पोशाक** : नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण कार्यपालिकाले तोके वमोजिम हुनेछ । दर्ज्यानी चिन्ह अनुसुची १ मा रहे बमोजिम हुनेछ।

**४०. पोशाक, सामान तथा उपकरण** : प्रत्येक नगर प्रहरी कर्मचारीलाई तोकेबमोजिमको पोशाक, सामान तथा उपकरण उपलब्ध गराईनेछ ।

**४१. मौसम अनुसारको पोशाक** : नगर प्रहरी कर्मचारीलाई मौसम अनुसार तोकिएको पोशाक उपलब्ध गराईनेछ ।

**४२. सेरेमोनियल पोशाक** : प्रत्येक अधिकृत कर्मचारीहरूलाई सेरेमोनियल पोशाक उपलब्ध गराईनेछ।

## परिच्छेद-११

## विविध

**४३. विदाः** नगर प्रहरी सेवामा कार्यरत नगर प्रहरीले पाउने विदा सम्बन्धी व्यवस्था स्थानीय निजामती सेवा ऐन २०८१ अनुरुप करार कर्मचारीहरुले पाए सरह हुनेछ।

**४४. प्रोत्साहन तथा जोखिम भत्ताः** नगर प्रहरीलाई अतिरिक्त समय कार्य गराउनु परेमा नगर प्रहरी सेवा प्रमुखको सिफारिसमा नगर कार्यपालिकाको निर्णय वमोजिम प्रोत्साहन तथा जोखिम भत्ता उपलब्ध गराउन सक्नेछ ।

**४५. पेसागत संघ संगठनको सदस्यता लिन नमिल्ने** : नगर प्रहरीले उपमहानगरपालिकामा रहेका कुनै पनि पेसागत संगठनको सदस्यता लिन, सभा संगठनमा भाग लिन प्रतिवन्ध गरिएको छ। यस व्यवस्थाको उल्लघंन गरेको पाइएमा विभागीय कारबाही हुनेछ ।

**४६. अनिवार्य अवकाश उमेर हद** : (१) नगर प्रहरी सेवामा कार्यरत नगर प्रहरीहरुको देहाय बमोजिमको उमेर हद पश्चात करार सम्झौता नविकरण/निरन्तरता हुनेछैनः

(क) नगर प्रहरी निरीक्षकको हकमा ५८ वर्ष उमेर पुगेपछी

(ख) नगर प्रहरी नायव निरीक्षकको हकमा ५८ वर्ष वर्ष उमेर पुगेपछी

(ग) नगर प्रहरी सहायक निरीक्षक हकमा ५८ वर्ष वर्ष उमेर पुगेपछी

(घ) नगर प्रहरी हवलदार हकमा ५६ वर्ष वर्ष उमेर पुगेपछी

(ङ) नगर प्रहरी जवान हकमा ५६ वर्ष वर्ष उमेर पुगेपछी

(२) नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक फरक जन्म मिति उल्लेख भएमा जुन मितिबाट पहिले अवकाश उमेर हद कायम हुन्छ सोही मितिको आधारमा हुनेछ।

**४७. न्यायिक समितिको क्षेत्राधिकार हुने** : नगर प्रहरी सेवाले सम्पादन गर्ने काम कारबाही सम्बन्धमा सरोकारवालाले कुनै गुनासो, उजुरी वा न्यायिक निवेदन पेस गर्न चाहेमा उपमहानगरपालिकाअन्तर्गतको न्यायिक समितिमा पेस गर्न सक्नेछ ।

**४८. सुरक्षा निकायसँग सहकार्य** : नगर प्रहरी सेवाले सहरी सुव्यवस्था कायम गर्न, शान्ति सुरक्षा कायम गर्न तथा उपमहानगरवासीको अमनचयन स्थापित गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह सम्बद्ध सुरक्षा निकायहरूसँग आवश्यक समन्वय, सहयोग र सहकार्य गर्नेछ ।

**४९. अन्य व्यवस्था** : उपमहानगरपालिकाले यस ऐनमा उल्लेख नभएका नगर प्रहरीको सेवा संवद्ध कुनै विषयमा निर्णय गर्नु परेमा सेवाको प्रकृति नेपाल प्रहरीसँग मिल्दोजुल्दो भएको कारण नेपाल प्रहरी सम्बद्ध कानुनलाई आधार मानी निर्णय गर्नेछ।

**५०. नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने सक्नेः** यो ऐन कार्यान्वयनको लागि आवश्यक नियम कार्यविधि र मापदण्ड कार्यपालिकाले बनाउन सक्नेछ।

**५१. बचाउः** यस ऐन लागु हुनभन्दा पहिला नगर प्रहरी सेवासम्बन्धका भएका नियुक्ति, बढुवा, सेवा सुविधा तथा सो सम्बन्धमा भए गरेका सम्पूर्ण कार्य, निर्णय यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**५२. बाधा अडकाउ फुकाउः** यो ऐन कार्यान्वयनको क्रममा आएका बाधा अडकाउ सभाको निर्णयबाट फुकाइनेछ।

**अनुसूची-१**

**(दफा ५ (३) सँग सम्बन्धित)**

**नगर प्रहरी सेवामा देहायका पद, तह र दर्ज्यानी चिह्न रहनेछन्:**

| **सि.नं.** | **पद** | **तह** | **दर्ज्यानी चिह्न** |
| --- | --- | --- | --- |
| **१** | नगर प्रहरी निरीक्षक | अधिकृत छैठौं स्तर |  |
| २ | नगर प्रहरी नायव निरीक्षक | सहायक स्तर पाँचौ |  |
| ३ | नगर प्रहरी सहायक निरीक्षक | सहायक स्तर चौथो |  |
| ४ | नगर प्रहरी हवलदार | सहायक स्तर तेस्रो |  |
| **५** | नगर प्रहरी जवान | सहायक स्तर दोस्रो |  |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम घोराही उपमहानगरपालिका नगर सभाको उन्नाइसौ अधिवेशनबाट स्वीकृत नगर प्रहरी ऐन, २०८३ प्रमाणीकरण गरिएको छ।

प्रमाणीकरण मिति : २०८३/०३/१५

आज्ञाले,

रामबहादुर हमाल

प्रमुख प्रशासकीय अधिकृत